# लोक सेवा आयोग

## प्रेस विज्ञप्ती

### सुरक्षा निकाय र संगठित संस्थाहरुको पदपूर्ति प्रकृयाबारे

नेपालको संविधानको धारा २४३ (२) मा निजामती सेवाको पद बाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, अन्य संघीय सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्ने व्यवस्था गरेको छ । यस व्यवस्थाको कार्यान्वयनका लागि नेपाल सरकारको मिति २०७३/३/३ को निर्णयानुसार लोक सेवा आयोगमा सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा स्थापना गरी कार्य सञ्चालन भईरहेको छ ।

सुरक्षा निकाय तथा संगठित संस्थाको पदपूर्ति कार्यका लागि सम्बन्धित निकायमा आयोगको प्रतिनिधि सहितको पदपूर्ति समिति रहने व्यवस्था छ । उक्त समितिबाट आयोगबाट निर्धारित सामान्य सिद्धान्त अनुसार आयोगको समन्वयमा वार्षिक क्यालेण्डर अनुसार रिक्त पद संकलन, प्रतिशत निर्धारण गरी आयोगको स्वीकृति प्राप्त भएपछि सम्बन्धित संगठित संस्थाबाट विज्ञापन प्रकाशन, परीक्षा कार्यक्रमको सूचना प्रकाशन लगायतका कामहरु सम्पादन गर्ने र प्रकाशित विज्ञापन अनुसार प्रश्नपत्र संकलन, परिमार्जन, लिखित परीक्षा सञ्चालन र लिखित परीक्षाको नतिजा प्रकाशनसम्मको सम्पूर्ण कार्यहरु लोक सेवा आयोगबाट भइरहेको छ । साथै आयोगमा सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा स्थापना हुनु अघि आयोगको सहमति प्राप्त गरेको संगठित संस्थाहरुको पदपूर्ति सम्बन्धी कार्यको हकमा आयोगका प्रतिनिधिहरुको प्रत्यक्ष संलग्नतामा सोही संस्थाबाट लिखित परीक्षा सञ्चालन हुने गरेको थियो । यसर्थ संगठित संस्था र सुरक्षा निकायहरुको लिखित परीक्षा सम्मका प्रकृयाहरुमा आयोगको पूर्ण संलग्नता हुने हुँदा यस सम्बन्धमा कुनै भ्रममा नपर्न जानकारी गराइएको छ ।

**(लक्ष्मी विलास कोइराला)**
**प्रवक्ता**